# स्थानिय राजपत्र

# भाग-१

**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्डः ६ संख्याः ४ मितिः २०७९/०३/१०

**राजपत्रको प्रकाशन मिति २०७९।०३।१३**

# अपिहिमाल गाउँपालिका
# प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७९

## भाग १ खण्ड ६ संख्या ४

| | |
|---|---|
| गाउँ सभाबाट स्वीकृत मितिः- | २०७९/०३/१० |

**अपिहिमाल गाउँपालिका**

**दार्चुला जिल्ला**

सुदुरपश्चिम प्रदेश

## अपिहिमाल गाउँपालिका क्षेत्रभित्रका प्राईभेट फर्महरुलाई दर्ता गर्नको निमित्त ऐन

अपिहिमाल गाउँपालिका क्षेत्रभित्र संचालन गरिने व्यापारिक तथा औद्योगिक प्राईभेट फर्महरु संचालन नियमन र नियन्त्रण गर्न बान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ अन्तरगत रहेको गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने दफा ११ उपदफा (ञ) ले दिएको अधिकार प्रयोग गरि अपिहिमाल गाउँपालिका गाउँ सभा २०७९ बाट यो ऐन जारि गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम :"अपिहिमाल गाउँपालिका प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४" रहने छ ।

ख) यो ऐन अपिहिमालगाउँपालिका भरी लागु हुने छ ।

ग) यो ऐन तुरुन्त लागु हुने छ ।

**२. परिभाषाः** " विषय वा प्रसंगले अर्को नलागेमा यस ऐनमाः

क) "**गाउँपालिका**" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्छ ।

ख) "**गाउँ सभा**" भन्नाले अपिहिमाल गाउँपालिका को वार्षिक तथा विशेष गाउँ सभा सम्झनु पर्छ ।

ग) "**कार्यपालिका**" अपिहिमाल गाउँकार्यपालिका लाई सम्झनु पर्छ ।

घ) "**अध्यक्ष**" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) " **प्राईभेट फर्म**" भन्नाले निजि वा कथित नामबाट एक वा एक भन्दा बढी व्यक्तिले मुनाफा आर्जन गर्ने उद्बेश्यले गाउँपालिका क्षेत्रभित्र निकासी पैठारी गर्न संचालन गरिने एकल वा संयुक्त व्यापारिकफर्मसम्झनुपर्छ। यस अन्तरगत मुनाफा आर्जनको उद्देश्य संचालित व्यापार व्यवसाय,औद्योगिक,कृषि, पशुपालन, शिक्षा स्वास्थ्य र सेवामुलक फर्म समेत सम्झनु पर्ने छ ।

छ) "**निकासी**" भन्नाले अपिहिमाल गाउँपालिकाबाट अन्य गाउँपालिकामा निकासी गर्ने कामलाई सम्झनु पर्ने छ ।

ज) "**पैठारी**" भन्नाले अन्य गाउँपालिका बाट अपिहिमाल गाउँपालिका भित्र मालसामान पैठारी गर्ने काम सम्झनु पर्ने छ ।

झ) "**आदेश**" भन्नाले अपिहिमाल गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्ने छ ।

ञ) "**सम्बन्धीत शाखा**" भन्नाले प्राईभेट फर्म दर्ताका लागि स्थापना हुने छुट्टै रजिष्ट्रेशन वा उद्यम विकास शाखा सम्झनु पर्ने छ । यो शाखा द्वारा गरिने प्राईभेट फर्म

रजिष्टेशनको काम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी गर्न सक्ने छ ।

**३. दर्ता नगराई प्राईभेट फर्म खोल्न नपाईनेः** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि प्राईभेट फर्म खोल्न हुदैन ।

**४. प्राईभेट फर्म खोल्नका लागि दरखास्त दिने र रजिष्ट्रेशनः**

१) कुनै प्राईभेट फर्म रजिष्टर गराउन चाहने व्यक्तिले तोकेको दस्तुर सहित तोकिएको ढाँचाको दस्तुर यस गाउँपालिकाको कार्यालयमा दिन सक्नेछ । त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्छ ।

क) प्राईभेट फर्मको नामः

ख) प्राईभेट फर्मको ठेगानाः

ग) प्राईभेट फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने चिज बस्तु तथा कामको विवरण

घ) प्राईभेट फर्मको धनीको नाम टेगाना र बुबाआमा र बाजे बज्यैको नाम ।

ङ) समय समयमा अपिहिमाल गाउँपालिकाले आवेदन द्वारा तोकिएको अरु विवरणहरु,

२) उपदफा (१)अन्तरगत कसैले दरखास्त दाखिला भएपछि सम्बन्धित शाखाले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरि हेर्दा दरखास्तमा खोलिएको विवरण साचो हो भन्ने आफुलाई विश्वास हुने मनासिब कारण भएमा र दरखास्त गरे बमोजिम प्राईभेट फर्म खोल्न मनासिब देखेमा तोकिए बमोजिमको रजिष्टर किताबमा प्राईभेट फर्म रजिष्टर गरि त्यसको तोकिएको ढाँचामा प्रमाण पत्र दरखास्त वलालाई दिईनेछ ।

३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एकभन्दा बढी प्राईभेट फर्म रजिष्टर गरिने छैन ।

**५. प्राईभेट फर्मको प्रमाण पत्रको अवधी र नविकरण गर्ने तरिकाः** यो ऐन बमोजिम रजिष्टर भएका प्रत्येक प्राईभेट फर्मको प्रमाण पत्रको अवधी नविकरण गर्ने तरीका आ. व. को अन्तमा नविकरण गराउदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

**६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः** दफा ४ को उपदफा (१) बमोजिम यस गाउँपालिकामा पेश गरेको विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको म्याद भित्र तोकिए बमोजिमको सूचना गाउँपालिकाको कार्यालयमा दिनु पर्ने छ र यस गाउँपालिकाबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिनेछ ।

**७. यो ऐन बमोजिम रजिष्टर नभएका प्राईभेट फर्मको नामबाट लेनदेन रअरु कारोबारलाई कानुनी मान्यता नदिईनेः** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम रजिष्टर नभएको प्राईभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई कानुनी मान्यता दिईने छैन् ।

**८. गाउँपालिकाले विवरण माग गर्न सक्नेः**

(१) यस ऐन अन्तरगत रजिष्टर भएको कुने प्राईभेट फर्मसँग गाउँपालिकाले त्यस्तो प्राईभेट फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदाफा(१) बमोजिम माग गरिएको हिसाबको विवरण गाउँपालिकामा पेह गर्नु त्यस्तो प्राईभेट फर्मको कर्तव्य हुनेछ ।

**९. प्राईभेट फर्म खारेज गर्न सकिनेः**

(१) देहायको अवस्थामा गाउँपालिकाले प्राईभेट फर्म खारिजगर्न सक्नेछ,

क) वाणिज्य व्यवसाय सम्बन्धी प्राईभेट फर्मले तोकेको अवधीभित्र नविकरण नगराएमा,

ख) प्राईभेट फर्मको धनीले मनासिब कारण देखाई आफ्नो प्राईभेटफर्म खारिज गरि पाउँ गरी पाउँ भनी सम्बन्धीत गाउँपालिकामा निवेदन दिएमा,

ग) दफा ४ को उपदफा (३) विपरित हुने गरि कुनै कुरा ढाँटी प्राईभेट फर्म दर्ता गरेको ठहरिएमा,

घ) गाउँपालिकाले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित प्राईभेट फर्मले तोकिएको अवधीभित्र सो विवरण पेश नगरेमा ,

ङ) उद्योग सम्बन्धी प्राईभेट फर्मले कार्य संचालन गरी गाउँपालिकाको कार्यालयमा जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा ,

च) उद्योग सम्बन्धी प्राईभेट फर्मले नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधी भित्र नविकरण नगराएमा वा नविकरण गराए पनि इजाजतको शर्त बमोजिम उद्योग स्थापना र संचालन गर्नको लागि मेशिनरी औजार वा उपकरणहरु खरिद वा उद्योग संचालनको आवश्यक कार्य गरेको लिखित प्रगति विवरण यस गाउँपालिकाको कार्यालयमा निदीएमा ,

छ) प्राईभेट फर्मले यो ऐन अन्तरगत बनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा

२) उपदफा (१) को खण्ड (क), (ख),(ग),(घ),(ङ),(च)वा(छ) बमोजिम गाउँपालिकाले प्राईभेट फर्म खारेज गर्नु अघि सम्बन्धीत प्राईभेट फर्मलाई सफाईको सबुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

३) उपदफा (१) को खण्ड (क), (ख),(ग),(घ),(ङ),(च)वा(छ) बमोजिम यस गाउँपालिकाबाट प्राईभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्म धनीको नाममा एक बर्षम्म सोही उद्देश्य भएको अर्को प्राईभेट फर्म रजिष्टर गरिने छैन ।

**१०) दण्ड सजायः**

**क)** यो ऐन बमोजिम रजिष्टर नगराई प्रत्येक खोलिएका प्राईभेट फर्मको प्रत्येक धनीलाई सम्बन्धीत गाउँपालिकाले रु५००। देखि ३०००। सम्म गर्ने छ सोहि अपराध फेरि फेरि गरेमा ३ पटक सम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप १०००। हहुनेछ । चौथो पटक पनि त्यस्तो कार्य गरेमा निजका नाममा कहिले पनि प्राईभेट फर्म दर्ता हुने छैन ।

**ख)** दफा ४ अन्तरगत दरखास्त दिँदा झुठ्ठा विवरण दाखिला गर्ने व्यक्तिलाई यस गाउँपालिकाले रु ५००। देखि रु १०००। सम्म जरिवाना गर्न सक्ने छ ।

**ग)** दफा ६ बमोजिम दिनु पर्ने सूचना तोकिएको म्यादभित्र नदिने वा झुठ्ठो सूचना दिने प्राईभेट फर्मलाई गाउँपालिकाले रुः ५००। खेदि रुः१००० सम्म जरिवाना गर्न सक्नेछ ।

**घ)**यस ऐन बमोजिम रजिष्टर वा नविकरण नभएको प्राईभेट फर्म र सो फर्मको कारोबार गर्ने कुनै पनि बैंकले पनि मालसमान निकासी पैठारी गर्न नपाउने गरी गाउँपालिकाले आदेशद्धारा मनाही गर्न सक्नेछ ।

**ङ)** यो दफा अन्तरगत गाउँपालिकाले गरेको सजाय चित्त नबुझ्ने व्यक्तिले न्यायिक समितिमा उजुरी दिन सक्ने छन ।

**११. नियम तथा कार्यविधी बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले नियम तथा कार्यविधी बनाउन सक्ने छ । सो नियममा लेखिएका कुराहरु उलंघन गर्ने व्याक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही नियम वा कार्य विधिमा गाउँपालिकाले गर्न सक्नेछ ।

**१२. बचाऊः** यो ऐन प्रारम्भ हुनुपर्व यस गाउँपालिकाबाट रजिष्टर गरिएको प्राईभेट फर्महरु यसै ऐन बमोजिम दर्ता गरिएको मानिने छ ।

**१३ खारेजी** यो ऐन प्रदेश तथा संघिय सरकारले बनाएको ऐन संघ बाझिएको हद सम्म स्वः तह खारेज हुने छ ।

प्रमाणित गर्ने

भक्त सिंह ठेकरे बोहरा

गा.पा. अध्यक्ष